"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

फोन नं. : ०११-४९९४५१
Phone No. : 011-499451
फ्याक्स नं. : ०११-४९९२६७
Fax No. : 011-499267

*प.सं. (Ref. No)* :- ०८०।८१
*च.नं. (Dispatch No.)* :- 3205

मितिः २०८०/१२/२६
ने.सं.११४४ चिल्लागा, ३० सोमबार

श्री पाँचखाल नगरपालिका अन्तर्गतका विद्यालयहरु सबै,
श्री पाँचखाल नगरपालिका अन्तर्गतका स्थानीय संघसंस्थाहरु सबै,
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक।

विषय : व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं ०८०।८१, च.नं. ३६१ मिति २०८०।१२।२३ गतेको प्राप्त पत्र बमोजिम आगामी वर्ष वि.सं. २०८१ को बैशाख महिनाको पहिलो हप्ता व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्यक्रम हरेकोले तपशिल बमोजिम गर्नु/गराउनु भई सात दिने व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम सफलताको साथ मनाउनुहुन अनुरोध छ ।

तपशिलः

१. विद्यालय तथा स्थानीय संघसंस्थाहरुले व्यक्तिगत घटना दर्ता सम्बन्धी विविध कार्यक्रमहरु आयोना गर्ने ।
२. यसै साथ सामावेश गरी पठाइएको Audio Record विद्यालयको विहानी प्राथना समयमा ७ दिन सम्म बजाउने ।
३. पत्रसाथ संलग्न गरिएको सूचना विद्यालय/संघसस्थाको सूचनापाटीमा टाँस गर्ने ।
४. प्रत्येक दिन विहानी प्राथना समयमा कुनै एक जना विद्यार्थीलाई व्यक्तिगत घटना दर्ता सम्बन्धी १० मिनेटको समय दिएर घटना दर्ताको जानकारी, महत्व, आवश्यकता बारेमा बोल्न लगाउने ।
५. प्राप्त भएको घटना दर्तासँग सम्बन्धित पर्चा, पम्प्लेट जस्ता सामाग्री सबैले बुझ्न र पढ्न सक्ने गरी टाँस गर्ने ।
६. विद्यालय/संघसस्थामा आवद्ध परिवारजनमा घटना घटेको ३५ दिनभित्र अनिवार्य घटना दर्ता गर्ने/गराउने भनि प्रतिवद्धता जाहेर गर्ने ।

..................
सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ,

१. सूचना प्रविधि शाखाः सूचना website मा Upload गरिदिनुहुन ।
२. शिक्षा शाखाः पाँचखाल नगरपालिका अन्तरगतका सबै विद्यालयहरुसँग समन्वय गरिदिनुहुन ।
३. सूचना अधिकारीः जानकारीको लागि ।

ईमेलः Email: panchkhal.municipality@gmail.com | info@panchkhalmun.gove.np | वेवसाईट/website:http//panchkhalmun.gov.np

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र पाँचखाल नगरपालिकाको सूचना

२०८१ साल बैशाख १ देखि ७ सम्म देशैभरी व्यक्तिगत घटना दर्ता सप्ताह संचालन भैरहेको छ । जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाईं सराइजस्ता व्यक्तिगत घटना, घटना घटेको ३५ दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं र गराऔं । विद्यालय भर्ना गर्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न, राहदानी बनाउन, नाबालक परिचयपत्र बनाउन, बैंकमा खाता खोल्न तथा राज्यबाट प्रदान गरिने अन्य सेवा लिन **व्यक्तिग घटना दर्ता** आवश्यक हुने भएकाले नबिर्सी आजै वडा कार्यालय जाऔं ।

व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।

**नभूल्नुहोस् है,**
**व्यक्तिगत घटना दर्ता सप्ताह,**
**बैशाख १ देखि ७ गते सम्म, देशैभरी ।**
**व्यक्तिगत घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौ । जिम्मेबार नागरिकको परिचय दिऔं ।**

थप जानकारीका लागि सम्बन्धित स्थानीय पञ्जीकाधिकारीको कार्यलय, पाँचखाल नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शााखा तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा सम्पर्क गर्नुहोस् ।

## पाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र पाँचखाल नगरपालिकाको सूचना

वि.सं.२०८१ साल वैशाख १ गते देखि ७ गते सम्म देशै भरी व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य भईरहेको छ। जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं, गराऔं।

### व्यक्तिगत घटना दर्ता किन गर्ने?

- बालबालिकालाई विद्यालय भर्ना गर्न
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नाबालक परिचयपत्रको बनाउन
- बैंकमा खाता खोल्न र
- राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेबार नागरिकको परिचय दिऔं।

थप जानकारीका लागि सम्बन्धित स्थानीय पञ्जीकाधिकारीको कार्यलय, पाँचखाल नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा सम्पर्क गर्नुहोस् ।